नेपाल सरकार
शहरी विकास मन्त्रालय
शहरी विकास तथा भवन निर्माण विभाग
केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)

# जिल्ला आयोजना कार्यान्वयन इकाई

(भवन तथा आवास)
खोटाङ, दिक्तेल ।

प्रदेश नं. १ नेपाल

प.सं : ०७८/७९
च.नं : १८२

मिति : २०७८/११/०५

**विषय : निजि आवास अनुदान सम्वन्धि निर्णय कार्यान्वयन सम्वन्धमा ।**

श्री दिक्तेल रुपाकोट मझुवागढी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दिक्तेल ।
श्री हलेसी तुवाचुङ नगरपालिका, नगर कार्यपालिकाको कार्यालय दुर्छिम ।
श्री रावावेशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय हरमटार ।
श्री ऐसेलुखर्क गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय ऐसेलुखर्क ।
श्री केपिलासगढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वाक्सिला ।
श्री साकेला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय मानेभन्ज्याङ ।
श्री दिप्रुङ चुइचुम्मा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय याङसोलाटार ।
श्री खोटेहाङ गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय खोटाङवजार ।
श्री जन्तेढुंगा गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, चिसापानी ।
श्री बराहपोखरी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय वाघखोर भन्ज्याङ ।

रावा बेसी गाउँपालिका हरमटार
कुभिण्डे, खोटाङ
मिति २०७८।११।२५
दर्ता नम्बर ६२२

प्रस्तुत विषयमा माननीय मन्त्रीस्तरीय मिति २०७८/१०/१० गतेको निर्णय तथा शहरी विकास मन्त्रालय, शहरी विकास तथा भवन निर्माण विभाग, केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास) बबरमहल, काठमाडौंको प.सं ०७८/७९ चलानी नं ७८३ मिति २०७८/१०/१७ गतेको पत्रानुसार निजी आवास अनुदान सम्वन्धि भएका तपशिल बमोजिमका नीतिगत निर्णयहरु आवश्यक कार्यान्वयनका लागी तहाँ पठाईएको व्यहोरा अनुरोध छ ।

तपशिल

१.२०७८ चैत्र २६ गते सम्म तेश्रो किस्ता अनुदान रकम प्राप्त गर्ने गरी नीजि आवास पुनर्निर्माण तर्फका पुनर्निर्माण लाभग्राहीहरुको पुनर्निर्माणको सम्पुर्ण कार्य सम्पन्न गर्ने । यसका लागि २०७८ फाल्गुण मसान्तसम्म काम सम्पन्न गरी भुक्तानीका लागि सम्बन्धित पालिका/वडा कार्यालयहरुमा आवेदन दिई सोको प्रमाणिकरण गर्ने ।

२.निजी आवास पुनर्निर्माणको प्रवलीकरणको सुचीमा परेका लाभग्राहीहरुको हकमा यस अधि नै लाभग्राही परिवर्तन भई पुनर्निर्माण लाभग्राही कायम भएका लाभग्राहीहरुले समेत बुदा नं १ को समयसिमा भित्रै पुनर्निर्माण सम्वन्धि सम्पुर्ण कार्य सम्पन्न गर्ने ।

३.पुनरावेदन समितिवाट लाभग्राही कायम भएका लाभग्राहीको हकमा नयाँ अनुदान सम्झौता गरी पुनर्निर्माण कार्य अगाडि बढाउने ।

नेपाल सरकार

शहरी विकास मन्त्रालय

शहरी विकास तथा भवन निर्माण विभाग

केन्द्रीय आयोजना कार्यान्वयन इकाई (भवन तथा आवास)

# जिल्ला आयोजना कार्यान्वयन इकाई

## (भवन तथा आवास)

## खोटाङ दिक्तेल ।

प्रदेश नं. १ नेपाल

४.लाभग्राहीको सुचीमा रहेका २०७८ मंसिर मसान्तसम्म सम्झौता गरी सकेका लाभग्राहीहरुको हकमा २०७८ फाल्गुण मसान्तसम्म काम सम्पन्न गर्ने गरी कवुलियतनामा गरी पुनर्निर्माणको कार्य अगाडि बढाउने ।

५.प्रवलीकरणको कोटामा परेका लाभग्राहीहरुलाई घर प्रवलीकरण गरे वापत पाउनु पर्ने अनुदान रकम उपलव्ध गराउने र सो कार्य पनि बुदा नं. १ कै समय भित्रै सम्पन्न गर्ने । प्रबलीकरण नगरी मर्मत गर्न चाहने लाभग्राहीहरुको हकमा २०७८ फाल्गुण मसान्त भित्र फरफारक गर्ने र सो नगर्ने लाभग्राहीहरुको हकमा निजहरुवाट सम्झौता रकम असुली गर्ने प्रकृया अगाडि बढाउने ।

(मणिराम ढकाल)

नि. कार्यालय प्रमुख